# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ०१ | बुटवल | २०८१ पौष ११, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Dec.26, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**उपभोक्ता सचेत बनौं**

-अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वाभाविक रुपमा बढी मूल्य वा कम तौलका वस्तु बिक्री गर्ने जस्ता कार्य गैर कानूनी हो,

-त्यस्ता गैर कानूनी कार्य भएको जानकारी पाउनासाथ वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा वाणिज्य तथा उपभोक्ता हित संरक्षण कार्यालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह वा टोल फ्री नं. ११३७ मा उजुरी गरौं ।

-सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड


k|sfz slo

## चुनौतीपूर्ण यात्रा

दैनिक लुम्बिनी आजदेखि ३७औं वर्षमा प्रवेश गरेको जानकारी गराउन पाउँदा खुशी लागेको छ। अनेकौ आरोह-अवरोह पार गर्दै प्रिय पाठक, विज्ञापनदाता र शुभेच्छुकहरुको न्यायो माया र साथले यहाँसम्मको यात्रा संभव भएको हो ।

दैनिक लुम्बिनी प्रकाशन आरम्भका दिनहरु सहज थिएनन् । निरंकुश पञ्चायती शासन व्यवस्थाको दमनलाई झेल्दै प्रजातान्त्रिक हक अधिकारको पक्षमा हामी सधैं दृढ भयौं । २०४७ सालमा बहुदलीय व्यवस्थाको आगमनपछि पनि नागरिक अधिकार, राष्ट्रियता र जनजीविकाको मुद्दामा सधैं खबरदारी गर्‍यौं। माओवादी सशस्त्र द्वन्द्वका बेला संकुचनमा परेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका कारण उत्पन्न कठिन परिस्थितिको सामना गर्दै अविचलित रूपमा अघि बढ्न सफल भएका छौं । लोकतन्त्र बहालीका लागि हाम्रो खबरदारी सशक्त रहेको स्मरण गर्दा गौरवान्वित छौं ।

दुई सय ३७ वर्ष लामो राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य भएपछि मुलुक नयाँ ढंगले अघि बढेको छ। नागरिकले चुनेका प्रतिनिधि रहेको संविधानसभाले संविधान बनाउन सफल भयो । गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशीतालाई यो संविधानले संस्थागत गरेको छ। विविधतायुक्त मुलुकको तस्विरलाई संविधानले संस्थागत गरेको छ। संविधान सबैले अपनत्व गर्ने दस्तावेज भएको छ।

सूचना प्रविधिको बढ्दो प्रयोग र त्यसले स्थापना गरेको डिजिटल समाजले आमसञ्चार माध्यमको भूमिका खुम्चिदै जाँदा लोकतान्त्रिक प्रणालीमा जोखिम बढेको छ। डिजिटल युगका नागरिक सत्य र तथ्य सूचनामा भन्दा मिथ्या सूचनाको जोखिममा छन्। तथ्यमा टेकेर सत्यलाई स्थापित गर्नुपर्नेमा समाजमा तथ्यहिन सूचना प्रवाहको जोखिम बढेको छ, जसले समाजलाई दिग्भ्रमित पारेको छ। समाज मिथ्या सूचनाले अराजक बन्दै गएको छ। अहिले यही अराजक समाजलाई सही बाटोमा हिडाउने चुनौतीपूर्ण जिम्मेवारीमा हामी उभिएका छौं ।

संविधानले संस्थागत गरेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई नागरिकको जीवनशैली बनाउन सक्दा संविधानप्रति अझैं धेरै अपनत्वबोध हुनेछ । त्यसका लागि सरकार, राजनैतिक दल, प्रेस र नागरिक समाजले परिभाषित जिम्मेवार पूरा गर्नुपर्नेछ। यतिखेर मुलुक गम्भीर आर्थिक संकटमा छ। यही संकटले सञ्चार गृहहरु पनि प्रभावित भएका छन् । मुलुकमा चुलिएको आर्थिक संकटले निराशा बढेको छ। मुलुकलाई संकटबाट पार लगाएर नागरिकको निराशालाई आशामा बदल्न सरकारले पहलकदमी लिनुपर्छ। लोकतन्त्रलाई नागरिकको जीवनशैली बनाउन र भुईं मान्छेले लोकतन्त्रको अनुभूति गर्ने वातावरण बनाउन हामी निरन्तर खबरदारी गर्नेछौं। लोकतान्त्रिक व्यवस्थाप्रति आउने हरेक खालका चुनौतीविरुद्ध हामी सशक्त रुपमा उभिने छौं ।

अहिलेसम्मको यो यात्रामा दैनिक लुम्बिनीलाई विश्वास र माया गरिरहने हाम्रा प्रिय पाठक, विज्ञापनदाता, लेखक एवं शुभचिन्तक सबैप्रति आभारी छौं । र, आगामी दिनमा झन् बढी विश्वास र माया प्राप्त हुने विश्वास छ। हाम्रो चुनौतीपूर्ण यात्रामा सधैं तपाईंको साथ, सहयोगको अपेक्षा गरेका छौं ।

**मोहन चापागाईं**
अध्यक्ष
सिद्धार्थ पब्लिकेशन प्रा.लि.

पूर्वाधार अभावमा रूपन्देही कारागार:

# जबर्जस्ती करणी मुद्दाका बन्दी सबैभन्दा बढी

**मोहम्मद हबिब**
*भैरहवा*



९ दशकअघि बनेको जिल्ला कारागार रुपन्देहीको संरचना २५० जनाको भए पनि दोब्बर बढी बन्दीहरु रहेका छन्। १९९० मा निर्माण भएको कारागारमा हाल ५ सय ८७ जना बन्दीहरु रहँदै आएका छन् । २०७५ सालमा १२० जनाको क्षमता रहेको कारगारमा ३० जनाको क्षमता विस्तार भएर १ सय ५० गरिएको थियो। अहिले जिल्ला कारगारको क्षमता बढाएर २५० गरिएपनि कैदी बन्दीहरु थपिदै जानु र भौतिक पूर्वाधारमा खासै लगानी नभएकोले कारागारमा क्षमताभन्दा बढी बन्दीहरु राख्नु पर्ने बाध्यता छ।

२ वटा ब्लक रहेको यहाँ (क) ब्लकमा सय जनाको क्षमता हो, जसमा ३४० जना अर्थात् क्षमताको करिब साढे ३ गुणा बढी बसिरहेका छन् । यस्तै (ख) ब्लक ५० जना क्षमताको रहेकोमा हाल क्षमतावृद्धि गरी १५० गरिएको छ, जसमा २४७ जना बन्दीहरु रहेका छन् । संरचना पुरानो भए पनि पूर्वाधार प्रति सरोकारवाला निकायले ध्यान नदिँदा क्षमताभन्दा बढी बन्दीहरु बस्नु पर्ने अवस्था छ । अपराध गरेर आउनेहरु सजाय काट्न र सुधारका लागि पछिल्लो समय सरकारले कारागारलाई सुधारगृहका रूपमा विकास गर्ने भने पनि देशकै पूरानो मध्येको कारागारमा सो कार्यान्वयन नहुँदा कारागारको अवस्था दिन प्रतिदिन खस्किदै गएको छ।

कैदी तथा र थुनुवाका बन्दी राख्ने उद्देश्यले निर्माण गरिएको उक्त कारागारमा २ गुणा बढी बन्दी रहेकाले समय-समयमा समस्या हुने गरेको छ । १ बिघा ७ कट्ठा क्षेत्रफलमा फैलिएको कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी हुँदा दिनभरि जसोतसो भए पनि राती सुत्नलाई व्यवस्थापन गर्न असजिलो हुने गरेको छ। 'साँघुरो कारागार सञ्चालनमा निकै समस्या छ,' कारागारका सूचना अधिकारी विजय कुमार हलुवाईले -'जसोतसो व्यवस्थापन गरेका छौं। कारागार सुरक्षा प्रशासन, कैदी, भोजनालय, शौचालय, सीपमूलक काम सोही स्थानमा गराउनु परेको छ।'

हलुवाईका अनुसार 'यहाँ अहिले भएको ठाउँलाई व्यवस्थापन गरी सीपमूलक काम मुढा र फनिर्चरको काम हुने गरेको छ, बाहिरी ठाउँ अझ फराकिलो भए धेरै सीपमूलक काम गर्न सकिन्छ । कैदीहरुले व्यवसायिक सीपमूलक तालिमबाट कैदी जीवन यापन गरे सँगै पैसा कमाउन पनि सहज हुने गर्छ। अहिले बजारीकरण अभावले बन्दीहरुको उत्पादन बजारसम्म पुग्न समस्या भएको छ।

बजार मात्र हैन कारागारमा काम गर्ने पर्याप्त ठाउँ नहुनु पनि कामदार कैदबिन्दीहरुको लागि अर्को प्रमुख समस्या हो । क्षमताभन्दा बढी कैदी रहेको कारण सामान्य हिंड्डुल गर्न तथा अन्य व्यवस्थापनमा पनि समस्या आउने गरेको छ।

कैदीबन्दीले थोरै क्षमता भएको ठाउँमा प्रशासनले धेरै संख्यामा कैदीबन्दी राख्नु पर्ने बाध्यता छ। ठाउँ अभावका कारण बन्दीहरुले पूर्णरुपले श्रमलाई सदुपयोग गर्न सकेको छैन । क्षमता विस्तार नहुने कैदीबन्दी मात्र बढ्दा कारागारमा समस्या सृजना भएको कारागारका चौकिदारले बताएका छन् ।

कारागारलाई राज्यले सुधार गर्ने प्रयास गरे पनि उल्लेखिनय रुपमा सुधार हुन सकेको छैन । संरचना पुरानो भएको कारण कारागार सुधार गरेर पनि धेरै टिक्दैन, रुपन्देही कारागार नयाँ र अत्याधुनिक बनाउनु बाहेकको विकल्प नरहेको जिल्ला कारागार कार्यालय, रुपन्देहीका प्रमुख जेलर सुरेश भण्डारीले बताए।

'कारागारमा ठाउँ कम छ, कैदिबन्दीहरु जुन रुपले खुलारुपले बस्न पाउनु पर्ने हो पाएका छैनन्। जसले गर्दा कैदिबन्दीबाट राज्यले लिन सक्ने श्रम पनि लिन सकेको छैन,' उनले भने -'सीपमूलक ज्ञान दिई कैदीबन्दीबाट उत्पादन हुने हस्तकलालगायतका बस्तुबाट राज्यले व्यापार घाटा समेत कम गर्न सहयोग पुग्छ।'

जेलर भण्डारीले कारगारमा सबै थरीका मानिसहरु छन् मजदुर, इलेक्ट्रिसियन, मेकानिकदेखि आइटी जानेकोहरु पनि रहेकोले यसको उपयोग हुन सके राज्यलाई सहयोग हुने बताए । दैनिक उपाभोग्यमा प्रयोग हुने जनशक्तिहरु कारगारभित्रै रहेकोले यसको सदुपयोग हुने गरी व्यवस्थापन हुन जरुरी छ।

महिला थुनुवा कक्ष नहुँदा महिला बन्दीहरुलाई कारागारमा राख्न निकै समस्या परेको छ । महिला बन्दीको लागि पाल्पा र नवलपरासी जिल्लाहरुमा पठाउने गरेको छ।

अहिले रुपन्देही कारागारमा २ सय ८६ जना कैदी र विभिन्न अपराधमा मुद्दा चलेका, तर अदालती प्रक्रियामा रही मुद्दा फैसला नभएका ३ सय १ जना थुनुवा गरी ५८७ बन्दी छन्। कैदीबन्दीमध्ये कारागारमा सबैभन्दा बढी १ सय ५२ जना जबर्जस्ती करणी मुद्दाका बन्दी रहेका छन्, जसमा स्वदेशका ६७ कैदी, ७८ जना थुनुवा छन् भने १ कैदी र ६ जना थुनुवा विदेशी रहेका छन् ।

यस्तै १ सय ३४ जना लागुऔषध मुद्दाका बन्दी रहेका छन्, जसमा स्वदेशका ५९ कैदी, ६८ जना थुनुवा छन् भने ४ कैदी र ३ जना थुनुवा विदेशी रहेका छन् । त्यस्तै चोरीमुद्दामा ६५, कर्तव्य ज्यान मुद्दामा ६३, सवारीज्यानमा ३७, डाका चोरी २८, बैंकिङ कसुरमा १८, ठगी ११, ज्यान मार्ने उद्योग १०, भन्सार चोरी १०, अभद्र व्यवहार ८, किर्ते जालसाजी, बुहविवाह, अपहरण तथा शरीर बन्धक, सवारी दुर्घटनाबाट अंगभङ्ग मुद्दामा ६-६ जना, हातहतियार खरखजना, मानव बेचबिखन, कुटपिट, लेनदेन र सट्टाबाजीसम्बन्धी कसुरमा ४-४ जना रहेका छन्। यस्तै खुनडाका, लिखितसम्बन्धी कसुर, आत्महत्या दुरुत्साहन, खोटा चलन, अपराधिक उपवद्रलगायतका मुद्दामा पनि कैदीबन्दी रहेका छन्। यी तथ्याङ्कहरु दैनिक रुपमा केही थपघट हुने गरेको छ ।

बन्दीको अलवा कारागार प्रशासन र सुरक्षाको भौतिक पूर्वाधार पनि सोचे अनूरुपको छैन । दरबन्दीअनुसारको कर्मचारी बस्ने भवन समेत स्तरीय नहुँदा समस्या छ । कारागार वरिपरि तारजालीले व्यवस्थापन गरिएको छ, यसका लागि कंक्रिट पर्खाल समेत नभएकोले सुरक्षामा चुनौती पनि छ।

कारागारको सुरक्षा हाल नेपाल प्रहरीले गरिरहेको छ । ३५ जना दरबन्दी रहेको कारगार सुरक्षाका लागि हाल प्रहरी वरिष्ठ नायब निरीक्षकको कमाण्डमा २४ जना सुरक्षाकर्मीले सुरक्षा प्रदान गरेको छ।

» बाँकी ३ पेजमा

## एमालेबाट रावल निश्कासित, पाण्डे र तिमिल्सेना निलम्बित



बुटवल । नेकपा एमालेले पूर्वउपाध्यक्ष डा.भीम रावललाई पार्टीको संगठित सदस्यबाट हटाएको छ।

बुधबार बसेको सचिवालय बैठकले रावललाई पार्टीबाटै हटाउने निर्णय गरेको हो । उपमहासचिव प्रदीप ज्ञवालीका अनुसार पूर्वउपाध्यक्ष रावलले निरन्तर पार्टीलाई कमजोर बनाउने अभिव्यक्ति दिइरहेकाले संगठित सदस्यबाट हटाउने निर्णय गरिएको हो ।

रावलले पछिल्लो पटक केन्द्रीय कार्यालय भवन व्यापारी मीनबहादुर गुरूङबाट लिने निर्णयप्रति विरोध जनाएका थिए। यसपछि गत ४ कात्तिकमा एमालेले रावलसहित स्थायी कमिटी सदस्य डा.बिन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिमल्सेनालाई स्पष्टीकरण सोधेको थियो ।

पाण्डे र तिमल्सेनाले स्पष्टीकरण बुझाए पनि रावलले कुनै जवाफ दिएका थिएनन् । तर सचिवालय बैठकले स्पष्टीकरण पत्र लेख्ने पाण्डे र तिमल्सेनालाई पनि ६ महिना जिम्मेवारीबाट हटाउने निर्णय गरेको छ।

'स्पष्टीकरण उहाँहरुले दिनु त भयो, तर उहाँहरुले यसरी पार्टीको विधि भन्दा बाहिर गएर सार्वजनिक रुपमा बोल्नु उचित भएन भन्ने कुराको रियलाइजेसन देखिएन' ज्ञवालीले भने-'त्यसो भएको हुनाले उहाँहरुलाई पार्टीको निर्देशनमा चल्न थप निर्देशन गर्दै उहाँहरुको जिम्मेवारीबाट ६ महिना मुक्त गर्ने निर्णय गरिएको छ।'

यसैबिच डा. रावलले आफूमाथिको कारबाही ओलीको निरंकुश, स्वेच्छाचारी, तानाशाही मनस्थितिको उपज भएको प्रतिक्रिया दिएका छन् ।

» बाँकी ३ पेजमा

## लिपुलेकबारे नेपाललाई थाहा नदिइ भारत-चीन सहमति



बुटवल । नेपालको लिपुलेकसँग सम्बन्धित विषयमा भारत र चीनले आपसमा सहमति गरेका छन् । भारत र चीनबिच सहमति हुँदा दुवै देशले नेपाललाई भने थाहै दिएका छैनन् ।

भारत सरकारका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल र चिनियाँ विदेशमन्त्री वाङ यीबिच डिसेम्बर १८ (पुस ३ गते) चीनको बेइजिङमा भएको छलफलमा भारतबाट कैलाश मनोसरोवार यात्रा फेरि सुरुवात गर्ने सहमति भएको छ।

कोभिड महामारीको समयदेखि भारतीय भूमिबाट कैलाश यात्रा स्थगित थियो । दुई देशले पुनः सो यात्रा सुरु गर्ने सहमति गरेको छ । जबकि सो सहमतिमा भारत र चीनले नेपालसँग कुनै सल्लाह वा सोधखोज गरेका छैनन् । भारतीय भूमिबाट कैलाश मानसरोवर जाने तीर्थयात्रीले लिपुलेक हुँदै जानुपर्ने हुन्छ। लिपुलेक नेपाली भू-भाग हो, जसलाई नेपालले आफ्नो नक्सामा समेत समावेश गरिसकेको छ। भारत र चीनले यसअघि पनि सो भू-भाग हुँदै दुई देशको व्यापारिक सडक बनाउने सहमति गरेका थिए । त्यसमा नेपालले विरोध जनाएको थियो । २०७२ जेठमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी चीन भ्रमणमा गएको गएको बेला चीनसँग लिपुलेकलाई व्यापारिक तथा दुई देशको तीर्थयात्री आवतजावत गर्ने केन्द्र बनाउने सहमति भएको थियो ।

त्यसबेला नेपालमा सुशील कोइराला प्रधानमन्त्री थिए । लिपुलेकको विषयलाई लिएर नेपाललाई थाहै नदिइ दुई देशबिच सहमति भएपछि प्रधानमन्त्री कोइरालाले परराष्ट्रमन्त्रालयलाई भनेर तत्काले नेपालमा रहेको भारत र चीन राजदूतलाई 'प्रोटेस्ट नोट' पठाएर सो सहमतिप्रति आपत्ति जनाएका थिए।

त्यतिबेला पनि नेपाल र भारतबिच असहज परिस्थिति उत्पन्न भएको थियो । त्यही विषयलाई लिएर प्रधानमन्त्री कोइराला र भारतका प्रधानमन्त्री मोदीबिच फोनवार्तासमेत भएको थियो । तत्कालीन प्रधानमन्त्री कोइरालाले नेपालको भू-भागबारे नेपालको सहमतिबेगरै बेइजिङमा सहमति गरेकोमा मोदीसमक्ष आपत्ति प्रकट गरेका थिए । त्यसपछि सुशील कोइरालाको निर्धारित भारत भ्रमण एकाएक स्थगित भएको थियो ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# संविधान गतिशिल दस्ताबेज

मुलुकका दुई प्रमुख राजनैतिक दल नेकपा एमाले र नेपाली कांग्रेस संविधान संशोधन गर्ने गरी सत्ता सहकार्य गरेको पाँच महिना पुगेको छ । दुई ठूला दल मिलेर बनेको बलियो सरकारले मुलुकका विद्यमान चुनौतीको सामना गर्ने र संविधानका कतिपय कमजोरी हटाउन संविधान संशोधन हुने विश्वास छ। यद्यपी दुई दल मिल्दा मात्रै संविधान संशोधनका लागि संसदमा आवश्यक दुई तिहाई संख्या पुग्दैन्, त्यसका लागि अन्य दलको साथ र सहयोग लिन आवश्यक छ।

संविधान संशोधन गर्ने गरी दुई दलले सत्ता सहकार्य गर्ने बित्तिकै प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्रसहित कतिपय दलले अनेक आशंका गरे। अहिले संविधानले संस्थागत गरेको गणतन्त्र, संघीयता, धर्म निरपेक्षता र समावेशीतालाई कुण्ठित हुन सक्ने आशंका स्वाभाविक थिएनन्। संविधानमा उल्लेखित चार विषयलाई नचलाई संविधान संशोधन हुनसक्छ। जुन विषयमा कांग्रेस–एमालेले स्पष्ट पारेका छन् । यो संविधानमा संशोधन गर्नुपर्ने मुल विषय निर्वाचन प्रणाली हो, अहिलेको निर्वाचन प्रणालीले व्यवस्थालाई नै जोखिममा पार्ने खतरा बढेको छ। राष्ट्रिय सभा, उप-राष्ट्रपति, समानुपातिक प्रतिनिधित्वको सवालमा सुधारका विषय छन् । अहिले छलफलको प्रारम्भ नभइसकेको र कांग्रेस-एमालेले पनि आवश्यक गृहकार्य गरिसकेका छैनन् । अब संविधान कुन–कुन विषयमा संशोधन गर्ने हो ? मुख्य दलहरुबिच सहमति जुटाउन आवश्यक छ।

संघीय शासन प्रणालीलाई सही ढंगले सञ्चालन गर्न नसक्दा व्यवस्थाप्रति प्रश्न उठ्नु स्वाभाविकै हो। प्रणाली स्थापना भयो, तर सञ्चालन गर्नेले पुरानै मानसिकताले अघि बढ्दा समस्या भएको हो। स्थानीय तह र प्रदेशले राम्ररी काम गर्न आवश्यक कानुन नबन्दा समस्या भएको छ। संघीय सरकारले संघीयता कार्यान्वयनसँग सम्बन्धित तत्काल ४० वटा कानुन बनाउनुपर्नेछ। प्रदेशका मुख्यमन्त्रीहरुले ती कानुन बनाउन संघीय सरकारको पटक–पटक ध्यानाकर्षण गराएका छन्। तर गाँठो फुक्न सकेको छैन। केन्द्रीकृत मानसिकताको कर्मचारी संयन्त्रले संविधानको कार्यान्वयनमा असहज बन्दा राजनैतिक नेतृत्व बन्धक बनेको छ। कर्मचारी प्रशासनको अहिलेकै चालढाललाई बदल्न नसक्ने हो भने संघीय शासन प्रणालीले कुनै उपलब्धि दिन सक्तैन्।

शासन प्रणाली केबल राजनैतिक अधिकारको विषय मात्रै होइन। यो त नागरिकको जीवनशैली हो। नागरिकले जब शासन प्रणालीलाई जीवनशैली बनाउन सक्छन्, परिवर्तन संस्थागत हुन्छ। अहिले व्यवस्था बदलियो, तर अवस्था बदलिएन भन्ने धारणा आउनुको कारण प्रणालीलाई कानुनले व्यवस्थित गर्ने र व्यवहारमा उर्तान चुक्दा हो।

व्यवस्थाअनुसार अवस्था बदल्न राज्य संयन्त्रमा बस्नेहरुको कार्यशैली बदलिनुपर्छ। नागरिकप्रति जिम्मेवार र जवाफदेही बन्नुपर्छ, त्यसका लागि संविधानका त्रुटि केलाएर संशोधन गर्ने, संविधानअनुसार कानुन निर्माण गर्ने र कार्यान्वयन गर्ने विषयलाई प्राथमिकता दिनुपर्छ।

# माओको जन्म दिन



विन बहादुर कुँवर

माओवाद भन्न थालिएको छ। अझ हाम्रो जस्तो अर्धसामन्ती र अर्धऔपनिवेशिक र मुलुकका लागि माओवाद नै प्रमुख हो। तर अहिले हाम्रो देशमा माओवाद त के मार्क्सवाद नै हराइसकेको छ। स्वयं १० वर्षे माओवादी जनयुद्ध लडेको माओवादी पार्टी नै अहिले संसदमा चुलुम्ब डुबेको छ। यही प्रतिक्रियावादी राज्य व्यवस्थाबाटै समाजवादमा पुगिने सपना बाँड्दै हिंड्न थालेका छन्। प्रचण्ड-बाबुराम र विप्लव गुटको यो हरकतले सिंगो नेपालको जनक्रान्तिप्रति नै गुमराहा पार्ने प्रयास भइरहेको छ। यी सबैले नयाँ जनवादी क्रान्तिको बाटो छोडिसकेका छन्।



आज २६ डिसेम्बर विश्व सर्वहारा वर्गका महान् गुरु तथा नेता क. माओत्सेतुङको जन्म दिन हो। उहाँको जन्म २६ डिसेम्बर १८९३ मा चीनको हुनान प्रान्तमा भएको थियो। क. माओले चीनको १९११ को बुर्जुवा क्रान्तिदेखि आफ्नो राजनीतिक जीवनको थालनी गर्नु भएको थियो। सन् १९२१ मा चिनियाँ कम्युनिष्ट पार्टीको स्थापना गर्नुभयो। त्यसपछि लगातार १९७६ सम्म त्यसको नेतृत्व गरिरहनु भयो। क. माओको मृत्यु १९७६ मा भएको थियो। उहाँको निधन भएको एक महिनापछि चीनमा प्रतिक्रान्तिको थालनी भयो। १० वर्षे महान् सर्वहारा सांस्कृतिक क्रान्तिको कमाण्डर क. च्याङचिङको गिरफ्तारी भयो। उहाँको पछि सन् १९९२ मा जेलमै हत्या गरियो। त्यसपछि हिजोको त्यो चिनियाँ सर्वहारा वर्गीय राज्यसत्ता क्रमशः प्रतिक्रान्तिमा बदलिंदै अहिले विश्व साम्रराज्यवादी तथा प्रभुत्ववादमा रुपान्तरण भइसकेको छ। तैपनि क. माओले चीनलगायत अन्य मुलुकको क्रान्ति र रुपान्तरणका लागि गरेको क्रान्तिकारी महान् ठूलो योगदान अहिले पनि ताजै र अपरिहार्य नै छ।

क. माओ विश्व क्रान्तिका नेता मात्रै होइन उहाँ मार्क्सवादी-लेनिनवादी सिद्धान्त र विचारका विचारक पनि हुनुहुन्थ्यो मार्क्सवाद-लेनिनवादलाई नयाँ रुपमा विकसित पार्दै माओ विचारधारा अर्थात् मार्क्सवाद-लेनिनवाद-माओवाद छोटकरीमा मालेमावादका मुख्य विचारक र सिद्धान्तकार पनि हो। अहिले खास रुपमा कम्युनिष्ट बन्नका लागि मार्क्सवाद-लेनिनवाद भएर मात्रै पुग्दैन मूलमा माओवादी नै हुनुपर्दछ। अर्थात् त्यसको सिद्धान्त र विचार मालेमावादी नै भएको हुनुपर्दछ।

क. माओ चिनियाँ कम्युनिष्ट पार्टीको स्थापनादेखि कोमिडताङ पार्टीसँगको सहकार्य गर्दै १९२७ मा चिनियाँ सोभियत जनगणतन्त्रको अध्यक्ष तथा जनमुक्ति सेना र जनयुद्धको नेता र संस्थापक बन्नु भयो। क. माओ अनगिन्ती क्रान्तिकारी रचना लेखेर चीनलगायत विश्वभरिका जनताको मुक्ति बाटो देखाउनु भयो। विश्वका अर्धसामन्ती र अर्ध औपनिवेशिक मुलुकहरुको लागि नयाँ जनवादी क्रान्तिको बाटो देखाउनु भयो। स्वयं चीनमा नै सन् १९४९ मा नयाँ जनवादी क्रान्ति सम्पन्न गराउनुभयो। नयाँ जनवादी राज्य सत्ता स्थापना गर्दै चीनलाई सच्चा समाजवादमा परिणत गराउनु भयो। समाजवादी क्रान्तिलाई अघि बढाउने क्रममा अनेक थरीका संशोधनवादीहरुको विरुद्ध उहाँले लगातार संघर्ष गरिरहनु भयो। रुसी ख्रुश्चोभी नव संशोधनवादको विरुद्ध उहाँले विश्वमा 'महान बहस' दुई लाइन संघर्ष सञ्चालन गर्नु भयो। स्वयं आफ्नै देशका ल्यूसाओ देङ संशोधनवादको विरुद्ध महान सर्वहारा सांस्कृतिक क्रान्ति संचालन गर्नु भयो। समाजवाद आइसकेपछि पनि निरन्तर समाजमा वर्ग संघर्ष अर्थात दुई लाइनको संघर्ष चलिरहन्छ र चलाइरहनु पर्ने पाठ उहाँकै उपज हो। स्वयं रुसमा क. स्टालिनले समेत रुसी समाजवादमा वर्ग लोप भइसकेको र वर्ग संघर्ष जरुरी नभएको भनिरहँदा क. माओको भने समाजवादको अन्त्यसम्म पनि वर्ग संघर्ष भइरहने पाठ नै महान् सर्वहारा सांस्कृतिक क्रान्ति उपज हो।

क. माओको विचार-सिद्धान्त, आर्थिक र सामाजिक विज्ञान आदिमा पुऱ्याउनु भएको योगदानको मूल्यांकन गर्दै माओत्सेतुङ विचारधारालाई 'माओवाद' मा अहिले रुपान्तरित गरिएको छ। अर्थात् अहिले मार्क्सवाद-लेनिनवाद र माओवाद भन्न थालिएको छ। अझ हाम्रो जस्तो अर्धसामन्ती र अर्धऔपनिवेशिक र मुलुकका लागि माओवाद नै प्रमुख हो। तर अहिले हाम्रो देशमा माओवाद त के मार्क्सवाद नै हराइसकेको छ। स्वयं १० वर्षे माओवादी जनयुद्ध लडेको माओवादी पार्टी नै अहिले संसदमा चुलुम्ब डुबेको छ। यही प्रतिक्रियावादी राज्य व्यवस्थाबाटै समाजवादमा पुगिने सपना बाँड्दै हिंड्न थालेका छन्। प्रचण्ड-बाबुराम र विप्लव गुटको यो हरकतले सिंगो नेपालको जनक्रान्तिप्रति नै गुमराहा पार्ने प्रयास भइरहेको छ। यी सबैले नयाँ जनवादी क्रान्तिको बाटो छोडिसकेका छन्। तथाकथित समाजवादको नारा फलाक्दै मालेमावादबाट टाडिदै छन्। एमाले, माओवादी केन्द्र नेकपा विप्लव आदि त घोषित रुपमा नै माओवाद छोडिसकेका छन्। माओवादी भने पनि वैद्य समूहले पनि नयाँ जनवादी क्रान्तिलाई खाली एउटा खुड्किलो मात्र बताउँदै नेपालमा यसको अर्थात् नयाँ जनवादी क्रान्तिको औचित्यलाई नकार्दै जान थालेको छ।

स्वयं माओवादको विकल्पमा माओ विचारधारामा समेत बहस पैरवी भइरहेको छ। यसरी ढिलो चाँडो नेपालमा माओवादबाट प्रायः सबै वाम भनिने दलहरु टाडिदै जान थालेका छन्। नेपालमा नयाँ जनवादी क्रान्तिको औचित्यमाथि नै प्रश्न खडा गर्दै यसबाट समेत माग्दै छन्। स्वयं भारत जस्तो देशमा समेत नयाँ जनवादी क्रान्तिको आवश्यकताकै लागि त्यहाँको भारतीय कम्युनिष्ट पार्टी (माओवादी) ले जनयुद्ध सञ्चालन गर्दै आइरहेको छ। महान् चिनियाँ सर्वहारा सांस्कृतिक क्रान्तिको ५०औं वर्ष गाँठको. अवसरमा विश्वका तीस भन्दा बढी माओवादी पार्टीहरुले समेत नयाँ जनवादी क्रान्तिकमो औचित्यको पुष्टि गर्दै भनेका छन्-' साम्रराज्यवादीहरुद्वारा उत्पीडित मुलुकहरु विश्व क्रान्तिका तुफानी केन्द्र र आधार हुन्। भारत, फिलिफिन्स, टर्की र पेरुमा नयाँ जनवादी क्रान्तिका मुख्य शक्ति, जनसमुदाय र किसानहरु कृषिक्रान्तिको माध्यमद्वारा आफ्नो जग्गा जमिनको रक्षा गर्न, साम्रराज्यवादीहरुद्वारा उत्पन्न गरिएको नोकरशाही पूँजीवादद्वारा चलाइएको गाउँबाट विस्थापनको योजनालाई परास्त गर्न जागृत भएका छन्।'

क. माओका अनगिन्ती भनाइहरु अहिले पनि जस्ताका तस्तै व्यवहारिक नै हुँदै आएका छन्। त्यसमध्ये एउटा भनाइ हो-'साम्रराज्यवादी र सबै खाले प्रतिक्रियावादीहरु कागजी बाघ हुन्।' नभन्दै अहिले विश्वका त्यस्तै हुँदैछ। अफगानिस्तानबाट अमेरिकी साम्रराज्यवाद भाग्नु पऱ्यो। त्यस्तै अहिले हालै सिरियाबाट रुसी साम्रराज्यवाद र त्यहाँका शासक भाग्नु पऱ्यो। बंगालादेश र श्रीलंकाबाट पनि साम्रराज्यवादी दलालहरु भागिसकेका छन्। हालैका यी उदाहरणहरुले प्रतिक्रियावादीहरु जतिसुकै शक्तिशाली भए पनि जनताको जनशक्तिका अगाडि उनीहरुको केही लाग्दैन। अमेरिकी र रुसी साम्रराज्यवादीहरुको हालत त्यस्तो हुँदैछ भने हाम्रा देशका यी विदेशी दलाल चाहे यी देउवा, ओली, प्रचण्ड जोसुकै होइन सबैको हालत त्यस्तै सिरिया, बंगालादेश, श्रीलंका र अफगानिस्तानका प्रतिक्रियावादी विदेशी दलाल शासकहरुको जस्तै हुनेछ। आखिर क. माओले माथि भने जस्तै यी सबै कागजी बाघ नै हुन्। असली बाघ त न्यायप्रेमी क्रान्तिकारी जनता नै हुन्।

अन्त्यमा क. माओको यो जन्म दिनको अवसरमा उहाँप्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली दिँदै उहाँप्रति क. गोञ्जालोले प्रकट गर्नुभएका केही भनाइ उल्लेख गर्न चाहान्छु-'अध्यक्ष माओत्सेतुङका योगदानको मूल्यांकन यस सन्दर्भमा म तलका कुराहरु अघि सार्न चाहान्छु। उहाँले साम्रराज्यवादको नियम स्थापित गर्नुभएको छ। उहाँ भन्नुहुन्छ-'यसले गडबढी मचाउँछ र विफल हुन्छ। यसले फेरि गडबढी मचाउँछ र फेरि पनि विफल हुन्छ र यसले यस प्रकार आफ्नो अन्तिम पतनको घडीसम्म यसै गरिरहन्छ। उहाँले साम्रराज्यवादको विकास प्रक्रियाको अवधि पनि किटान गरिदिनु भएको छ। जुन अवधि ५० देखि १०० वर्षको हो। यी त्यस्ता वर्षहरु हुन् जुन उहाँले भन्नुभएजस्तै यस धर्तीका अभूतपूर्ण वर्षहरु हुनेछन्। जसमा साम्रराज्यवाद र प्रतिक्रियावादलाई यस धर्तीबाट बढारेर मिल्काइदिनेछ। उहाँले हामीलाई के बताउनुभएको छ भने अमेरिकी साम्रराज्यवाद र सोभियत सामाजिक साम्रराज्यवाद विरोधी संघर्षको अवधिको ढोका खुलेको छ। अर्को कुरा साम्रराज्यवादी र प्रतिक्रिवादीहरु सबै कागजी बाघ हुन् भन्ने उहाँको महान् रणनीतिक सिद्धान्तबारे हामी सबैलाई थाहा छ। यो सिद्धान्त असाधारण महत्वको छ।' (गोञ्जालोका विचारहरुबाट)

# बाँकेका सबै स्थानीय तहमा कुपोषणका बालबालिका



नेपालगञ्ज। बाँकेका सबै स्थानीय तहमा कुपोषणका बालबालिका फेला परेका छन्। गत साउनदेखि अहिलेसम्म दुई वर्षमुनिका कुपोषण भएका एक हजार पाँच सय ८८ बालबालिका फेला परेका हुन्।

"पछिल्लो समय कुपोषण भएका बालबालिकाको अवस्था घट्दो देखिन्छ। यद्यपि जिल्लाका आठ वटै स्थानीय तहमा चालु आवको पाँच महिनामा एक हजार पाँच सय ८८ बालबालिका फेला परेका छन्।"- जिल्ला स्वास्थ्य कार्यालयका पोषण फोकल पर्सन अधिकृत देवनारायण उपाध्यायले भने।

उनले कुपोषणको अवस्थामा रहेका बालबालिकालाई लक्षित गरेर सङ्घ, प्रदेश र स्थानीय सरकारले पोषण विशेष कार्यक्रम सञ्चालन गर्न लागेको जानकारी दिँदै सबैभन्दा बढी मधेसी र मुश्लिम समुदायका बालबालिकामा कुपोषणको समस्या देखिएको बताए।

समाजमा रहेका विभिन्न समुदायमा फरक-फरक अवस्थामा रहेका बालबालिकालाई कुपोषण भएको देखिएको अधिकृत उपाध्यायले उल्लेख गरे। उनका अनुसार सबैभन्दा बढी जानकी गाउँपालिका, नरैनापुर गाउँपालिका र सबैभन्दा कम कोहलपुर नगरपालिकामा कुपोषणका बालबालिका रहेका छन्।

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार जानकी गाउँपालिकामा तीन ७४, नरैनापुर गाउँपालिकामा तीन सय ५१, नेपालगञ्ज उप-महानगरपालिकामा दुई सय २०, डुडुवा गाउँपालिकमा एक सय सात बालबालिकामा कुपोषणको समस्या देखिएको छ।

राप्ती सोनारी गाउँपालिकामा एक सय ५०, कोहलपुर नगरपालिकामा ६०, बैजनाथ गाउँपालिकामा दुई सय ३५ र खजुरा गाउँपालिकामा ९१ गरी एक हजार पाँच सय ८८ बालबालिकामा कुपोषण रहेको पोषण फोकल पर्सन उपाध्यायले जानकारी दिए। सबै तहका सरकारबाट जनचेतनामूलक कार्यक्रमसहित पोषण विशेष कार्यक्रममार्फत् बालबालिकामा पुगिएको उनले उल्लेख गरे। जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख अङ्गतबहादुर शाहीले बालबालिकामा देखिएको कुपोषण घट्दोमा अवस्थामा देखिए पनि सन्तोषजनक नरहेको उल्लेख गर्दै जसरी घट्नुपर्ने त्यसरी नघटेको बताए।

जानकी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख दलबहादुर रानाले डुडुवामा पछिल्लो समय कुपोषण भएका बालबालिका घट्दै गएको जानकारी दिँदै ती बालबालिका सङ्क्रमण मुक्त भएका उल्लेख गरे।

# जग्गाको सदुपयोग गर्ने प्रमुख माध्यम किबीखेती

गलकोट (बागलुङ)। बागलुङमा उत्पादित बहुगुणी फल किबी अन्य जिल्लामा खपत हुन थालेको छ। अन्य जिल्लामा किबीले बजार र मूल्य नपाएको किसानले गुनासो गरिरहेको बेला यहाँको भकुण्डे, बिहुँ, बडिगाड, ढोरपाटन, निसीखोला र दुदिलाभाटीलगायत स्थानमा उत्पादन भएको किबी अन्यत्र हुन थालेको छ। मूल्यमा गिरावट आए पनि किबी अन्यत्रबाट माग आइरहेको किसानको भनाइ छ। जिल्लामा उत्पादन भएको किबी बुटवल,काठमाडौँ र पोखरालगायत स्थानमा बिक्री भइरहेको छ।

विदेशमा समेत प्रशस्त उत्पादन हुने किबी बहुगुणी फलमध्येमा पर्छ। काठेखोला गाउँपालिका-५ बिहुँका खिमानन्द कँडेलले उत्पादन गरेको किबी बुटवल र काठमाडौँसम्म लैजान थालिएको छ। उनले किबी बिक्री गर्न थालेको दुई वर्ष भएको छ। कँडेलको १२ रोपनी क्षेत्रफलमा किबीखेती छ।

यस्तै काठेखोला-७ का वडाध्यक्ष प्रेम लामिछाने, बागलुङ नगरपालिका-९ का वडाध्यक्ष राजु थापाले समेत यस वर्ष किबी बजारमा पठाएका छन्। एकपटकको लगानीले वर्षौंसम्म आम्दानी दिने बहुगुणी फल किबीप्रति यहाँका किसानको आकर्षण छ। मूल्य सस्तो भए पनि पोखरा, काठमाडौँ, बुटवल तथा नारायणगढसम्म किबी खपत भइरहेको छ।

यस वर्ष एक हजार केजी किबी काठमाडौंलगायत ठूला सहरमा बजारीकरण गरेको किबी किसान खिमानन्द कँडेलले जानकारी दिए। किबीको मूल्य क्रमशः घट्दै गए पनि उत्पादन बढ्दै गएको उनको भनाइ छ। प्रतिकेजी रु तीन सयमा बिक्री हुँदै आएको किबीले क्रमशः बजार पाउन थालेपछि यहाँका किसान उत्साहित छन्।

पछिल्लो समय बसाइँसराइका कारण बाँझो जग्गा बढ्दै गएको, खेतीयोग्य जग्गामा काम गर्ने जनशक्ति अभाव भइरहेका सन्दर्भमा जग्गाको सदुपयोग गर्ने प्रमुख माध्यम किबी बनेको छ। किबीको उत्पादन बढेपछि प्रतिकेजी रु छ सयबाट घटेर रु तीन सयमा झरेको भए पनि ठूला सहरमा किबीको माग रहेको वडाध्यक्ष प्रेम लामिछानेले जानकारी दिए।



केही वर्ष पहिलासम्म बाहिरी जिल्लाबाट ल्याएर किबी बिक्री गर्दै आएका फलफूल व्यवसायी अहिले बागलुङकै गाउँगाउँमा उत्पादन भएको किबी बिक्री गर्न भ्याइनभ्याई भएको बताउँछन्।

निसीखोला-४ स्थित लीला घर्तीले १२ रोपनी क्षेत्रफलमा उत्पादन गरेको किबी सोझै बुटवल लगिएको बताउँछन्। एकपटक गरेको लगानीले वर्षौंसम्म उत्पादन दिने घर्तीको भनाइ छ।

किबीको नियमित सेवनबाट गर्भवती, रक्तचाप, मुटु र रुघाखोकीलगायत बिरामीलाई विशेष फाइदा पुग्ने भएकाले पनि बजारमा यसको माग बढी भएको स्वास्थ्यकर्मीको भनाइ छ।

# मेलामा एलिनाले नचाईन दर्शक



बुटवलम । बुटवलमा सञ्चालित औद्योगिक व्यापार मेलामा भरिभराउ दर्शकका बीच बहुचर्चित गायिका एलिना चौहानको दमदार प्रस्तुती रह्यो । क्रिसमस बिदा पनि भएकाले बुधबार मेलामा दर्शक खचाखच भरिएका थिए । उद्घोषकले मञ्चमा एलिनाको नाम उच्चारण गरेसँगै दर्शक दिर्घाबाट हुटिङको वर्षा भयो । जब एलिनाले माईक समातेर शब्द उच्चारण गरिन्, दर्शकको हुटिङको माहौल अझैं बढ्यो ।

एलिनाले हजारौं दर्शकका बिच आफ्नो गायन करियर सुरु गर्दादेखिका पछिल्ला सबै गीत गाएर भरपुर मनोरञ्जन प्रदान गरिन् । एलिनाले गीत गाउँदा दर्शकले पनि संगसंगै गित गाउदै हुटिङ गर्दै नाचेका थिए । बुटवलको मञ्चमा एलिनाले कट्टा हान्दिन्छ, धोकेवाज हौ तीमि, मिनरल वाटर, आईफोन हरायोलगायतका थुप्रै गित गाएर दर्शकलाई भरपुर मनोरञ्जन गराइन ।

बुधबार एलिनसहित लोक तथा दोहोरी गायक कृष्ण रेउले, नारायण बीपी परियार, सुशिला गौतम, धनबहादुर गुरुङ, शिला गुरुङ, तारा थापा, दिपा थापा लगायतका कलाकारहरुको प्रस्तुति रहेको थियो ।

त्यस्तैगरी आज बिहीबार लोक तथा दोहोरी गायक श्याम राना, सपना गाहा, विधान कार्की, सुनि तामी, निरु गुरुङ, हरि खत्री, हास्य कलाकार कमल गाउँले, डान्सर विना धिताल, शिल्पा मगरलगायतका कलाकारहरुको प्रस्तुति रहने सांस्कृतिक कार्यक्रम संयोजक निर्मित कसजूले जानकारी गराए ।

बुधबार मेलामा ४० हजार बढी दर्शकले अवलोकन गरेका छन् । मेला कार्यसम्पादन समितिका सदस्य सचिव तथा प्रवक्ता मुक्तिप्रसाद अधिकारीले बुधबार मात्रै मेलामा ४० हजार बढीले अवालोकन गरेको बताए ।

यहि पुसको ३ गतेदेखि सुरु भएको औद्योगिक व्यापार मेला १८ गतेसम्म सञ्चालन गरिने छ । 'लगानी लुम्बिनीमा, समृद्धि देशमा' भन्ने मुल नारासहित आयोजना गरिएको मेलामा ५ सय स्टल सहभागी छन् ।

मेलामा औद्योगिक प्रदर्शनी, हस्तकला प्रदर्शनी, कृषि प्रदर्शनी र प्रविधिको प्रदर्शनी तथा बिक्री वितरण, विभिन्न विधामा प्रतियोगितात्मक कार्यक्रमसहित सांस्कृतिक सांगीतिक कार्यक्रम भइरहेको मेला कार्यसम्पादन समितिका सदस्य तथा प्रचार प्रसार उपसमितिका संयोजक दीपक चापागाईंले जानकारी गराए ।

**उप–प्रधानमन्त्री सिंहद्वारा अवलोकन**

नेपाल सरकारका उप-प्रधान तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहले बुटवलको औद्योगिक व्यापार मेला अवलोकन गरेका छन् । उप-प्रधानमन्त्री सिंहले बुधबार दिउँसो मेलाको स्थलगत अवलोकन गर्दै औद्योगिक विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरेका छन् ।

मेलाले उद्योगबाट उत्पादित बस्तुको प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्ने बताउँदै उनले मेला महोत्सव उद्योगका लागि प्रेरणाको स्रोत बन्ने र स्थानीयसँगै देशकै अर्थतन्त्रलाई चलायमान बनाउन मद्दत गर्ने भनाइ राखेका थिए ।

बुटवलमा निर्माण सम्पन्न भएको बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र निर्माणाधिन अवस्थामा रहेको अन्तर्राष्ट्रिय प्रदर्शनीस्थल सरकारको विशेष संरचना व्यवस्थापन र सञ्चालन गठन आदेश मन्त्रिपरिषद्बाट पारित भइसकेको बताउँदै सञ्चालन व्यवस्थापनको लागि खुला प्रतिस्पर्धामा अगाडि बढेको पनि जानकारी गराए ।

यहि पुसको ३ गतेदेखि सुरु भएको औद्योगिक व्यापार मेलाको उद्घाटन उपप्रधानमन्त्री सिंहले गर्ने कार्यक्रम तय भएको थियो । तर मन्त्री सिंह पारिवारिक शोकमा परेका कारण आउन नसकेकोले मेला अवलोकनका लागि आएका हुन् । उनले मेलाको सफलताको शुभकामना व्यक्त गर्दै मेलाको व्यवस्थापन राम्रो देखिएको प्रतिक्रिया दिए । उनले मेलाको सफलताको समेत शुभकामना व्यक्त गरे ।

उपप्रधानमन्त्री सिंहलाई बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल, बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेय, तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाँण, सियारी गाउँपालिकाका अध्यक्ष थानेश्वर घिमिरेलगायत बुटवल उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, उद्योग उपाध्यक्ष सुरज भट्टराई, वाणिज्य उपाध्यक्ष विमलराज भट्टराई, महासचिव मुक्तिप्रसाद अधिकारी, कोषाध्यक्ष बसन्तप्रसाद ढकाल, सचिव प्रतिक पोखरेल, सह-कोषाध्यक्ष धनाकुमारी खनाललगायतका पदाधिकारीहरुले स्वागत गरेका थिए । त्यसै अवसरमा उप-प्रधान तथा शहरी विकास मन्त्री सिंहले प्रदर्शनीस्थलसँगै बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको समेत अवलोकन गरेका थिए ।

'लगानी लुम्बिनीमा, समृद्धि देशमा' भन्ने मुल नारासहित आयोजना गरिएको मेलामा ५ सय स्टल सहभागी छन् । औद्योगिक उत्पादनको प्रवर्द्धन, कृषि, पर्यटनको प्रवर्द्धन तथा व्यवसायीकरणका लागि विशेष महत्वका साथ आयोजना गरिएको औद्योगिक व्यापार मेलामा कृषि, सेवा, हस्तकला, इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक्स, ब्यूटि, गार्मेन्ट, जुत्ता, एफएमसिजी (फूड एण्ड वेभरेज), अटोमोबाइल्स र होटलको छुट्टा छुट्टै १० वटा पेभिलिन रहेका छन् । त्यसैगरी दुवई फिस टनेलसहितको बालउद्यान रहेको छ । मेलामा औद्योगिक प्रदर्शनी, हस्तकला प्रदर्शनी, कृषि प्रदर्शनी र प्रविधिको प्रदर्शनी तथा बिक्री वितरण, विभिन्न विधामा प्रतियोगितात्मक कार्यक्रमसहित सांस्कृतिक, सांगीतिक कार्यक्रम भइरहेका छन् ।

**मेलामा गुल्मीको खुदोले तान्यो दर्शक**

बुटवलमा सञ्चालित औद्योगिक व्यापार मेलामा गुल्मीको खुदोले दर्शक तानेको छ । मेलामै परम्परागत रुपमा पुरानो कोलमा गोरुले ऊखु पेलेर तयार गरिएको जुस, खुदो, गुणमा दर्शकको आकर्षण छ ।

मेलामा रुपन्देहीको तिलोत्तमामा स्थापित हिपत फूड प्रोडक्टले खुदोसहित पहाडी तथा उच्च पहाडी क्षेत्रमा उत्पादन भएको कोदो, मकै, गेडागुडीलगायतका खाद्य बस्तु तथा त्यसको प्रशोधित तथा प्याकेजिङ सामान बिक्री वितरणमा राखेको छ । त्रिपुरा कृषि सहकारी संस्था चौरपाटी अछामसँगको सहकार्यमा हिपतले पहाडी तथा उच्च पहाडी क्षेत्रमा उत्पादित खाद्य बस्तुहरु संकलन गर्ने र रुपन्देहीबाट बिक्री वितरण गर्ने गरेको छ । हिपतका सञ्चालक शिवलाल गौतमकाअनुसार मेलामा राखिएको स्टलमा दर्शक (उपभोक्ता)को भिड लागेको छ । स्टलमा रहेका कर्मचारीलाई सामग्री बिक्री वितरण गर्न भ्याइनभ्याई छ ।

मेलामा तयार गरिएको खुदो गुल्मी थोर्गाबाट ल्याइएको ऊखुको हो । घमाइलो र पारिलो ठाउँको ऊखुको खुदो राम्रो हुने भएकाले थोर्गाबाट उखु ल्याएर खुदो बनाइएको गौतमले बताए ।

उनले हिपत फुड प्रोडक्टले नियमित रुपमा आधुनिक मेसिनको प्रयोग गर्ने गरिएको भए पनि मेलामा पुरानो प्रविधिको बारेमा जानकारी दिनको लागि परम्परागत कोलको प्रयोग गरिएको बताए । उनका अनुसार यसले नयाँ पुस्तालाई पुरानो प्रविधिको बारेमा जानकारी प्रदान गर्न सकिन्छ ।

# छत्रकोटमा जीपलाइन चल्दै



गुल्मी । गुल्मीमा पहिलो जीपलाईन आकर्षक पर्यटकीय गन्तब्य जिल्लाको छत्रकोट गाउँपालिका बन्न पुगेको छ ।

छत्रकोट गाउँपालिका- ३ चोयागास्थित छत्रदेवालय मन्दिर परिसरमा स्टेशन भई सोही वडाको लुम्छा बजार नजिकै टापुको देवी भगवती मन्दिर परिसरमा ल्याण्ड गरिने गरि सो पालिकाले जीपलाइन सञ्चालनमा ल्याउन थाले पछि जिल्लाको पहिलो र एक मात्र पर्यटकिय गन्तब्य बन्न पुगेको हो ।

जीपलाइनको सफल परीक्षण भइसकेको छ । व्यवसायिक रुपमा सञ्चालन गर्न आगामी शुक्रबार जीपलाइनका छिमेकी जिल्ला अर्घाघाँची, पाल्पासम्मका जनप्रतिनिधि एवं कर्मचारीहरुले संयुक्त रुपमा उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

.बुधबार छत्रकोट गाउँपालिकाले पत्रकार भेटघाट कार्यक्रम आयोजना गरी यसबारे जानकारी गराएको हो । जीपलाइन दुई टावरबिचको सोझो दुरी ९६० मिटर रहेको छ भने यसको जिकज्याकसहितको लम्बाई १ हजार ८० मिटर रहेको छ । लुम्बिनी प्रदेश सरकार र छत्रकोट गाउँपालिकाको समपुरक बजेटबाट १ करोड ३७ लाख ४५ हजार १७७ रुपैयाँ लागतमा स्टुमेट भए पनि ठेक्का सम्झौता ८६ लाख ७३ हजार १४४ रुपैयाँमा जीपलाइन सम्पन्न भएको गाउँपालिका अध्यक्ष रामप्रसाद पाण्डेले जानकारी दिए ।

२०८० चैत्र २७ गते सानुदेवी कन्ट्रक्सन प्रालिसँग २०८२ जेठ ३० गते सम्पन्न गर्ने सम्झौता भएकोमा त्यस अघि नै त्यस कन्ट्रक्सनले सम्पन्न गरी पालिकालाई हस्तान्तरण गर्न लागेको त्यस पालिकाका प्रमुख प्रशासकीय अधिकृत रुद्रहरि पुरिले बताए । जीपलाइनको औषत गति व्यक्तिको तौलअनुसार प्रति सेकेण्ड १५ देखि २० मिटर रहेको छ । सुरु स्टेशनदेखि ल्याण्डिङ्ग स्थलसम्म पुग्न ५५ देखि ७७ सेकेण्ड लाग्ने गर्दछ । औषतमा एक मिनेटभित्रमा पुग्न सकिन्छ । नगरकोट जीपलाइन प्रा.लि.का दुई जना दक्ष प्राविधिकद्वारा स्थानीयवासी ३ जना र २ जना त्यस पालिकाका नगर प्रहरीसहित ५ जनालाई तालिम दिई जीपलाइनको नियमित सञ्चालन गर्न लागिएको छ ।

छत्रकोट गाउँपालिकावासीका लागि टिकटदर ४ सय कायम गरिएको छ । विद्यार्थीहरुका लागि ३ सय, छत्रकोट बाहिरका बासिन्दाका लागि ५ सय र विदेशी नागरिकका लागि १५ सय टिकटदर कायम गरिएको छ ।

छत्रकोटले जीपलाइन सञ्चालनमा ल्याए पनि यो छत्रकोटको मात्रै सम्पत्ती र गौरव हामीले सम्झेका छैनौं, जिल्लामै पहिलो जीपलाइन भएकोले यसलाई सिङ्गो जिल्लावासीको सम्पत्ती र गौरवका रुपमा लिएका छौं र जिल्ला समन्व्य समितिदेखि जिल्लाका १२ वटै पालिकाका, छिमेकी जिल्ला पाल्पा, अर्घाखाँचीका जनप्रतिनिधिहरुले आगामी शुक्रबार संयुक्त रुपमा उद्घाटन गर्न गइरहेका छौं भन्दै छत्रकोट गाउँपालिका अध्यक्ष रामप्रसाद पाण्डले जीपलाइन सञ्चालनपछिको प्रभाव पर्यटन विकासको मूल नारा अनुरुप हुने अपेक्षा राखेको बताए । उनले भने -'रुरु र रेसुङ्गा धार्मिक आश, छत्रकोटमा बसौ बास ' जुन यो हाम्रो नारा छ, त्यही नारालाई साकार पार्न जीपलाइन सेवा कोसेढुङ्गा सावित हुने हामीले देखेका छौं ।'

उनले थपे-'चोयगास्थित देवलाय मन्दिर परिसरका अन्य सानोतिनो पूर्वाधार निर्माणबाटै यहाँ आन्तरिक पर्यटकको घुइँचो हेर्न कुनै बिदाको दिन वा चाड पर्व कुर्नु पर्दैन, दिनहुँ घुइँचो लाग्न थालेको छ, त्यसमाथि जिल्लामै पहिलो जीपलाइन सेवा सञ्चालन गरेपछि अन्तरिक र बाह्य पर्यटकको संख्या ह्वात्तै बढ्ने कुरमा दुई मत छैन ।'

पत्रकार सम्मेलनमा त्यस गाउँपालिका उपाध्यक्ष सावित्रा ज्ञवाली, वडा नम्बर १ का वडाध्यक्ष घनश्याम न्यौपाने, वडा नम्बर ४ का वडाध्यक्ष तथा पालिका प्रवक्ता फर्शुराम ज्ञवाली र वडा नम्बर ६ का वडाध्यक्ष नारायण रेश्मीलगायतको सहभागिता थियो ।

पत्रकार सम्मेलनपछि जिल्लाबाट पुगेकका इच्छुक पत्रकारहरुले पालैपालो जीपलाइनमा सयल गर्नुको मज्जा लिएका थिए ।

# रुख कटानका लागि मन्त्रिपरिषद्बाट स्वीकृत प्रदान

**रामकुमार श्रेष्ठ**

*नवलपुर*

नवलपुरको कावासोती ३ मा बन्ने नमूना सदरमुकाम निर्माण स्थलमा ६ सय ४२ वटा ठूला रुख काटन मन्त्रिपरिषद्ले स्वीकृत प्रदान गरेको छ । यहाँ ५५२ वटा रुख र ९० वटा पोल कटान गर्नुपर्ने छ ।

मंगलबार साँझ बसेको मन्त्रिपरिषद्को बैठकले नमूना सदरमुकाम निर्माण स्थलमा रहेका रुख काटन स्वीकृती दिने निर्णय गरेको हो ।

नवलपुरका क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य विष्णुकुमार कार्कीले मंगलबारको मन्त्रिपरिषद्को बैठकले रुख हटाउन अनुमती दिएकोले अब नमूना सदरमुकाम निर्माणको काम सुरु हुने बताए ।

भवन निर्माणको जिम्मा पाएको रौतहटको चौधरी कन्स्ट्रक्सनको टोली भवन निर्माणस्थलमा आइपुगे पनि रुख कटानको आदेश नआउँदा निर्माण कार्य सुरु हुन सकेको थिएन । रुख कटान गर्न मन्त्रिपरिषद्को बैठकले स्वीकृती दिएको जानकारी गराउँदै सांसद कार्कीले अब निर्माणको काममा अगाडि बढ्ने बताए । कावासोती नगरपालिका- ३ मा रहेको ज्योतिकुञ्ज सामुदायिक वनभित्र रहेको १८६ बिघा जग्गामा नमूना सदरमुकाम निर्माणका लागि काम थालिएको हो । पहिलो चरणमा जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, कोष तथा लेखा नियन्त्रण कार्यालयलगायतका गरी पाँचवटा कार्यालय सर्ने गरी तीनवटा भवन निर्माणको ठेक्का लागेको छ ।

नमूना सदरमुकाम निर्माणका लागि चालु आर्थिक वर्षमा विनियोजन भएको २० करोड, अर्थमन्त्रालयले त्यसमा थप गरी सुनिश्चित गरेको ५० करोड र आगामी आर्थिक वर्षका लागि विनियोजन गरेको ८० करोड रुपैयाँबाट भवन निर्माणको काम अघि बढाउने गरि सघन शहरी तथा भवन निर्माण आयोजनाले काम सुरु गरेको हो । प्रमुख जिल्ला अधिकारी अरुण पोख्रेलले जिल्ला प्रशासन कार्यालयसहित ३ वटा एकीकृत भवन निर्माण सुरु हुने बताए ।

बहुवर्षीय योजनाअन्तर्गत तीन वर्षभित्र जिल्ला प्रशासन कार्यालयसहितका तीनवटा भवन निर्माण सक्ने गरी काम अघि बढाइनेछ । दुई एकीकृत सेवा कार्यालयमा तत्कालका लागि चारवटा कार्यालय रहन सक्ने जनाइएको छ । सरकारले हालै सुनिश्चित गरेको ५० करोडबाट जिल्ला प्रशासन कार्यालयसहित तीनवटा कार्यालय बनाइनेछ ।

२०७६ बैशाख ७ गते तत्कालीन प्रधानमन्त्री केपी ओलीले शिलान्यास गरेको नमूना सदरमुकाममा भवन निर्माणको टोली आएर तयारी अवस्थामा आएर बसेको भए पनि रुख कटान नहुँदा काम अगाडि बढ्न सकेको थिएन ।

यहाँ संघीय सरकार र प्रदेश सरकारमातहतका गरी ४० भन्दा बढी कार्यालय स्थापना हुने बताइएको छ ।

नमूना सदरमुकाम भवन निर्माण नहुँदा नवलपुरमा रहेका सरकारी कार्यालयहरूले वार्षिक १ करोडभन्दा बढी भाडा तिरेर कार्यालय सञ्चालन गर्दै आएका छन् । डिभिजन वन कार्यालय नवलपुरका प्रमुख डिभिजन अधिकृत वसन्त केशव अधिकारीले अब मन्त्रिपरिषद्को निर्णय लिखित रुपमा प्राप्त हुनासाथ रुख कटानको काम अघि बढ्ने बताए ।

**जबर्जस्ती...**

भैरहवा नगर क्षेत्रभित्र रहेको जिल्ला कारागार स्थान्तरणका लागि सिद्धार्थनगरले प्रस्ताव गरेको भए पनि काम अगाडि बढ्न सकेको छैन । कारागार हुने स्थान प्रकोप जोखिम नभएको, अस्पताल र अदालतदेखि नजिक, सुरक्षाको दृष्टीकोणबाट मजबुत, पूर्वाधार राम्रो भएको हुनुपर्छ । नगरपालिकाले ओमसतियामा-५ पट्खौलीमा रहेको सिद्धार्थनगरको ६ बिघा ८ कट्ठा क्षेत्रफलमा जिल्ला कारागार स्थानान्तरणका प्रस्ताव गरेको थियो ।

**लुम्बिनी प्रदेशका कारागार तथा प्रहरी हिरासत कक्षको अनुगमन**

कारागार व्यवस्थापनलाई सुधार गर्न र न्यायिक प्रणालीलाई थप प्रभावकारी बनाउन लुम्बिनी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले पनि लुम्बिनी प्रदेशभित्रका कारागार तथा प्रहरी हिरासत कक्षको अनुगमन गरेको छ । हालै मात्रै मुख्य न्यायाधिवक्ता यमलाल खनालको नेतृत्वमा रहेको प्रतिनिधि मण्डलले प्रदेशमा रहेको जिल्ला कारागार र प्रहरी हिरासत कक्षको अनुगमन गरेको हो । कैदीबन्दीहरुको पुनर्स्थापना र पुनः सामाजिकरणका लागि सञ्चालन गरिएका तालिम, सीप विकास कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन टोलीले निगरानी गरेको छ ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका सर्तसम्बन्धी ऐन, २०७५ मा प्रदेश भित्रका हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरीक्षण गरी थुनुवाउपर मानवोचित व्यवहार नभएको भए मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने प्रावधान रहेको छ । सोही ऐनले तोकेको जिम्मेवारी अनुसार कारागार तथा प्रहरी हिरासत कक्षको अनुगमन गरिएको हो । अनुगमनको क्रममा कारागार प्रशासन, सुरक्षाकर्मी र हिरासत तथा थुनामा रहेका व्यक्तिसँग छलफल समेत भएको थियो । यस्तै टोलीले रुपन्देहीमा रहेको बाल सुधार गृहको समेत अनुगमन गरेको थियो ।

कारागारमा क्षमताभन्दा अधिक संख्या रहेकाले केही कैदी बन्दीको संख्या तत्काल स्थानान्तरण गर्नुपर्ने, थुनामा रहेका प्रायः युवा नै रहेकोले श्रम र रोजगारीको लागि व्यवस्था गर्नुपर्ने, बाल सुधार गृहमा ४२ जना विद्यार्थी रहेकोमा उनीहरुको लागि शिक्षक व्यवस्था गर्नुपर्ने, उमेर पुगेकाको संख्या पनि धेरै रहेकोले तिनीहरुलाई तत्काल प्रक्रिया पूरा गरी कारागार स्थानान्तरण गर्नुपर्ने अनुगमन टोलीले निस्कर्ष रहेको छ ।

अनुगमनले मुख्यतया कारागारमा क्षमतभन्दा बढी कैदीबन्दी रहेकाले कारागारको पूर्वाधार सुधारका लागि, बालसुधार गृहमा कर्मचारी जनशक्ति अभाव, कैदीबन्दीहरुको मानवअधिकारको सरक्षण, स्वास्थ्य सेवा, खानेपानी र सुलभ शौचालयको प्रवन्ध, खानपानको गुणस्तर र पोषण अनिवार्य सुनिश्चिततको विषयमा सरकारलाई जानकारी गराउने र हुन सक्ने काममा लागि अनुगमन टोलीले सम्बन्धित क्षेत्रलाई निर्देशन समेत दिएको छ ।

**एमालेबाट....**

रावलले आफूमाथिको कारबाही हेर्दा पार्टीले औपचारिक बैठक बसेर गरेको जस्तो देखिए पनि त्यो मूलतः ओलीकै एकल निर्णय भएको दाबी गरेका छन् । यस्तै नेतृ डा. विन्दा पाण्डेले आफूले नगरेको गल्तीको सजाय दिने काम पार्टीबाट भएको बताएकी छन् । व्यापारीबाट दानमा केन्द्रीय कार्यालय लिने निर्णयलाई गलत भन्ने आफ्नो अभिव्यक्ति सच्याउन आवश्यक नरहेको उनको तर्क छ ।

'नागरिकको बिचमा ठाडो शीर गरेर 'म नेकपा एमालेको सदस्यले मेरो पार्टी कार्यालय मै बनाउँछु' भन्ने निर्णय पार्टीले गरेको थियो । त्यही आधारले अगाडि बढ्नुपर्छ भनेर कुरा उठाएको हो', पाण्डेले भनिन्-'त्यसले गर्दा गल्ती गरेका थिएनौं त, रियलाइजेसन गर्ने कुरै भएन नि ।'

अर्की नेतृ तिमल्सेनाले आफूविरुद्धको कारबाहीप्रति टिप्पणी गर्दै 'पञ्चायत विरुद्ध लडेर आएको नेतृत्वले पञ्चकै नक्कल नगरेको भए हुने' भनेकी छन् ।

**लिपुलेकबारे...**

त्यतिबेला नेपालले असहमति जनाउँदा जनाउँदै भारतले २०७६ कात्तिकमा जारी गरेको आफ्नो नयाँ नक्सामा लिपुलेक र कालापानीलाई समावेश गरेको थियो । त्यतिबेला नेपालमा केपी ओली प्रधानमन्त्री थिए । भारतले जारी गरेको नयाँ नक्साबारे नेपालमा निकै विरोध भएको थियो ।

भारतले आफ्नो नक्सा सच्याउनुको सट्टा २०७७ बैशाखमा दार्चुलाको व्यास गाउँपालिका-१ को गुन्जीदेखि लिपुलेकसम्म सडक बनाएर त्यसको उद्घाटनसमेत गरेको थियो । नेपालले त्यसको पनि विरोध जनाएको थियो । तर भारतको तर्फबाट त्यसको पनि बेवास्ता भएको थियो ।

त्यसपछि नेपालले पनि आफ्नो नक्सा संशोधन गरी लिपुलेक, कालापानी र लिम्पियधुरालाई समावेश गरेको थियो र संसदको पूर्ण बहुमतबाट पारित गरिएको थियो । २०७७ जेठमा नेपाल सरकारले त्यो नक्सा जारी गरेको थियो । त्यतिबेला भारतले त्यो नक्सा त स्वीकार गरेन नै, चीनले पनि त्यसको बारेमा आफ्नो कुनै प्रतिक्रिया दिएन । बरु उल्टै चीनले २०८० भदौ (अगस्त २८) मा जारी गरेको '२०२३ को स्ट्याण्डर्ड म्याप'मा नेपालको पुरानै नक्सा राख्यो । नेपालले त्यतिबेला कुनै प्रतिक्रिया जनाएन ।

अहिले भारत र चीनले लिपुलेकलाई सामूहिक व्यापारिक तथा तीर्थयात्रीका लागि सो भू-भाग प्रयोग गर्ने सहमति गरेका छन् । तर नेपालले हालसम्म त्यसमा कुनै असहमति जनाएको छैन । डोभल र वाङ यीको वार्तापछि भारतीय विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिको ६ नम्बर बुँदमा भनिएको छ, 'एसआरएस (विशेष प्रतिनिधि) ले आपसी हितका लागि द्विपक्षीय, क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा विचार आदानप्रदान गरे । उनीहरूले कैलाश मानसरोवर यात्राको पुनः सुरुवात गर्ने, सीमापार नदीहरूको तथ्याङ्क आदानप्रदान र सीमा व्यापारलगायतका सहयोग आदानप्रदानका लागि सकारात्मक दिशानिर्देश गरेका छन् ।' उनीहरू क्षेत्रीय र विश्वव्यापी शान्ति र समृद्धिका लागि स्थिर, अनुमानित र सौहार्द्रपूर्ण भारत-चीन सम्बन्धका लागि सहमत भएको विज्ञप्तिमा उल्लेख छ । चीनमा यो सहमति भइरहँदा परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा युरोप भ्रमणको क्रममा जर्मनीमा थिइन् । उनी त्यतिबेला भारत जाने तयारीमा थिइन् । पुस ३ मा भारतको विदेश मन्त्रालयले चीनसँग भएको सहमतिबारे जानकारीसहितको विज्ञप्ति जारी गरेको थियो । परराष्ट्रमन्त्री आरजु पुस ४ गते बिहानै भारत पुगेकी थिइन् । भारतमा उनी चार दिनसम्म रहिन् तर त्यसको बारेमा चर्चासम्म गरिनन् । उनी फर्केपछि पनि त्यसको बारेमा चर्चा गरिनन् ।

यस विषयमा परराष्ट्र मन्त्रालयका कसैले प्रतिक्रिया दिन मानेका छैनन् ।

सीमाविज्ञ बुद्धिनारायण श्रेष्ठले कैलाश मानसरोवर जान नेपालको लिपुलेकको बाटो प्रयोग गर्नुपर्ने बताए । त्यस्तो विषयमा भारत-चीनले सहमति गर्दा नेपालसँग पनि सहमति लिनुपर्ने उनको भनाइ छ । 'उनीहरूले नेपालसँग कुराकानी गर्नुपर्थ्यो तर कुनै सोधखोज नगर्नु भनेको हेपाहा प्रवृत्ति हो ।'- उनले भने । यसअघि पनि सो बाटोलाई व्यापार व्यवसायका लागि प्रयोग गर्ने भनेर भारत र चीनले सहमति गर्दा नेपालका तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले विरोध जनाएको श्रेष्ठ स्मरण गर्दछन् । अहिले फेरि त्यही क्षेत्रलाई दुवै देशले प्रयोग गर्ने भनेको जिकिर गर्दै उनले नेपालले यसबारेमा आफ्नो दृष्टिकोण दुवै मुलुकसँग राख्नुपर्नेमा जोड दिए ।

परराष्ट्रविज्ञ जयराज आचार्यले पनि त्यो क्षेत्र विवादित क्षेत्र रहेको बताए । नेपालले पटकपटक त्यसका लागि आवाज उठाए पनि भारत-चीनबिच थप सहमति हुनु गलत रहेको उनको भनाइ छ । लिपुलेक, कालापानी, लिम्पियाधुरालाई लिएर उत्पन्न विवादलाई कूटनीतिक माध्यमबाट समाधान गर्नुपर्नेमा आचार्यले जोड दिए ।


ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३

दैनिक लुम्बिनी

# स्कलर्स होमद्वारा जिल्लास्तरीय हाजिरीजवाफ: उपाधि एभरेष्टलाई



बुटवल। स्कलर्स होम बोर्डिङ स्कूल बुटवलले आयोजना गरेको ११औं जिल्लास्तरीय हाजिरीजवाफ प्रतियोगिताको उपाधि बुटवलको एभरेष्ट बोर्डिङ स्कूलले जितेको छ। रुपन्देही जिल्लाभरीका तीन दर्जन विद्यालयहरुलाई पछि पार्दै एभरेष्टले उपाधि जितेको हो। उसले उपाधिसहित ८ हजार नगद, शिल्ड तथा प्रमाणपत्र हात पारेको छ।

यस्तै प्रतियोगितामा ग्रिनप्लान्ट बोर्डिङ स्कूल देवदह द्वितीय भएको छ भने देवदहकै बुद्धपब्लिक तृतीय भएको छ। उनीहरुलाई क्रमशः ६ हजार, ४ हजार नगद, शिल्ड तथा प्रमाणपत्र प्रदान गरिएको आयोजक विद्यालयका प्राचार्य बाबुराम बञ्जाडेले जानकारी दिए।

कार्यक्रममा विजयी विद्यालय तथा विद्यार्थीहरुलाई पुरस्कार वितरण गर्दै जिल्ला शिक्षा विकास तथा समन्वय इकाई रुपन्देहीका प्रमुख माधव बञ्जाडेले शिक्षण सिकाइसँगै अतिरिक्त ज्ञानको पनि आवश्यक पर्ने भएकाले विभिन्न समयमा हुने प्रतिस्पर्धात्मक कार्यक्रमले विद्यार्थीलाई सवल र सक्षम बनाउने बताए।

कार्यक्रममा विद्यालय सञ्चालक समितिका सह-अध्यक्ष मनहरि बस्याल, नेशनल प्याब्सनका केन्द्रीय सदस्य देउप्रकाश राई, नेपाल अभिभावक महासंघका केन्द्रीय सदस्य लोकनाथ ज्ञवाली, पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघका अध्यक्ष गोपाल बस्याल, विद्यालयका प्रशासकीय अधिकृत राजु भण्डारीलगायतले वक्तृत्वकला प्रतियोगिताले विद्यार्थीमा शैक्षिक ज्ञानसँगै व्यक्तित्व विकास गराउने बताए।

प्रतियोगिताको फाइनलमा न्यू होराइजन, अक्सफोर्ड र प्रभात इङ्ग्लिस बोर्डिङ स्कुलले पनि प्रतिस्पर्धा गरेको विद्यालयका सह-प्राचार्य टिकाराम गौतमले जानकारी दिए। यसैबिच विद्यालयले आज बिहीबार ३३औं वार्षिकोत्सव विविध कार्यक्रमसहित मनाउँदैछ।

# वडाध्यक्षद्वारा विद्यार्थीलाई न्यानो कपडा वितरण



**राधिका भुसाल**

*प्यूठान*

प्यूठानमा स्थानीय तहको दोस्रोबाट निर्वाचित भएका वडा अध्यक्षहरुमध्ये धनेन्द्र कार्की अलिक सामाजिक काममा अग्रसर देखिने गर्दछन्।

माण्डवी गाउँपालिका वडा नं. ३ बाट वडा अध्यक्ष पदमा निर्वाचित भएसँगै उनी सामाजिक कार्यमा अग्रस देखिएका हुन्। अभिभावकविहीन तथा विपन्न वर्गका विद्यार्थीलाई अध्यक्ष कार्कीले न्यानो कपडा वितरण गरेका छन्। उनले व्यक्तिगत लगानीमा २ वटा विद्यालयका २९ जना बालबालिकाहरुलाई 'विद्यार्थीसँग वडाध्यक्ष कार्यक्रम' मार्फत् न्यानो कपडा वितरण गरका हुन्।

श्री कृष्ण आधारभूत विद्यालयमा १२ जना बालबालिका र माण्डवी माद्यामिक विद्यालयका १७ जना बालबालिकाहरुलाई उक्त कपडा वितरण गरेको वडाध्यक्ष कार्कीले जानकारी दिए। यसभन्दा अघि पनि उनले आफूले पाउने सेवा सुविधा बापतको रकमले बेसिक ३ महिने कम्प्युटर तालिम सञ्चालन गरेका थिए।

अत्यन्तै विपन्न वर्ग, असहाय एवं अपाङ्गता भएका बालबालिकाहरुलाई विद्यालय पोसाक, झोला खाद्यन्न तथा नगद रकम समेत वितरण गरेका छन्। प्रधानमन्त्री रोजगार कार्यक्रममा जनतासँगै श्रमदान समेत गर्दै आएको अध्यक्ष कार्कीले बताए। आगलागी पीडितलाई नगद रकम वितरण, १६ थान ट्वाइलेट सिट वितरण, खेलकुदका सामग्री वितरण, हरितालिका तिजको अवसरमा २० जना विपन्न वर्गका महिलालाई सारी वितरण, महिला दिवसको अवसर ९ वटा आमा समूहका अध्यक्षहरुलाई एक-एक थान प्रेसरकुक्कर वितरणलगायतका विभिन्न भौतिक संरचना निर्माणमा करिब २ लाख ६० हजार रकम सामाजिक काममा खर्च गरेका छन्। त्यस्तै आफ्नो जन्मदिन विपन्न परिवारको घरमा पुगेर मनाउने गरेको समेत उनले जानकारी दिए।

माण्डवीमा विद्यार्थीसँग वडाध्यक्ष कार्यक्रम

माडवी गाउँपालिका वडा नं. ३ आयोजनामा विद्यार्थीसँग वडा अध्यक्ष कार्यक्रम सम्पन्न भएको छ। वडाभित्र रहेका २ वटा विद्यालयमा मंगलबार कार्यक्रम सम्पन्न भएको हो।

विद्यार्थीको समस्या पहिचान गरी सम्बोधन गर्न, शैक्षिक गुणस्तरमा सुधार ल्याउन, अभिभावकको जिम्मेवारी बोध गराउने र विद्यार्थीको गुनासो माथि छलफल गर्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको माण्डवी गाउँपालिका ३ वडाका वडाध्यक्ष धनेन्द्र कार्कीले बताए। श्री कृष्ण आधारभूत विद्यालय मार्सिवाङ्ग र माण्डवी माध्यमिक विद्यालय नयाँगाउँमा उक्त कार्यक्रम सम्पन्न भएको थियो। यस कार्यक्रम गर्नुभन्दा पहिले २ वटै विद्यालय स्थलगत अनुगमन गरी विद्यार्थीको सर्वेक्षण फारम भरिएको थियो। सोही फारममार्फत् टिपोट भएका प्रश्न र सुझावहरुमाथि व्यापक छलफल हुनुको साथै सरोकारवालाहरुले प्रतिबद्धता समेत व्यक्त गरेका छन्।

कार्यक्रममा माण्डवी गाउँपालिका स्वास्थ्य शाखा प्रमुख ध्रुवकुमार पोखेलले गुणस्तर शिक्षाका लागि गाउँपालिकाबाट सक्दो सहयोग गर्ने बताए। सोही कार्यक्रममा बोल्दै शिक्षा शाखा प्रमुख तुल्सी कार्कीले विद्यार्थीहरुलाई अनुशासित बनाउन, विद्यार्थीले राम्रो नजिता प्राप्त गर्न मुख्य जिम्मेवारी अभिभावको रहेको बताइन्। शिक्षा शाखा, स्वास्थ्य शाखा र वडा कार्यालयबाट गर्नुपर्ने काम तत्काल गर्ने तिनै जनाले प्रतिबद्धता व्यक्त गरेका छन्।

माण्डवी गाउँपालिका वडा नम्बर ३ को आयोजनामा भएको कार्यक्रमको संयोजन स्काईल्याण्ड मल्टिमिडिया प्रा.लि.ले गरेको थियो। जिल्लाका नौ वटै स्थानीयतहका ६४ वडाहरु मध्ये यो पहिलो र नमूना कार्यक्रम हो। सो कार्यक्रमको सञ्चालन पत्रकार राधिका भुसालले गरेकी थिइन।

# साइ ग्लोबल अन्तरकलेज टी-ट्वान्टी प्रतियोगितामा ३२ टिम भिड्दै

भैरहवा। भैरहवाको सिद्धार्थ रंगशालामा बुधबारदेखि हुन गइरहेको साइ ग्लोबल टी-ट्वान्टी अन्तरकलेज जिल्लास्तरीय क्रिकेट प्रतियोगिताको उपाधिका लागि रुपन्देहीका ३२ कलेजको सहभागिता रहेको छ।

जिल्ला भरि छरिएर रहेका कलेजमा क्रिकेट खेललाई विस्तार गरी क्रिकेट खेलाडी उत्पादन गर्ने लक्ष्यका साथ क्रिकेट खेलाडीहरुमा भएको क्षमताको विकास गर्न र कलेजस्तरबाटै खेलाडी उत्पादनमा सहयोग पुऱ्याउने उद्देश्यले रुपन्देही क्रिकेट संघको आयोजना तथा साइ ग्लोबल कलेजको मुख्य प्रयोजनमा प्रतियोगिता हुन लागेको हो।

मुलुकको क्रिकेटमा रूपन्देहीले छुट्टै पहिचान बनाएकोले 'रुपन्देहीका लागि क्रिकेट, नेपालका लागि क्रिकेट' भन्ने नाराका साथ प्रतियोगिता गर्न लागिएको खेल संयोजक उदयकुमार मल्लिकले जानकारी दिए। 'हामीले रुपन्देही भरिका कलेजहरुलाई खेलमा सहभागी गराउन आव्हान गरेकोमा ४० वटा टिम सहभागिताका लागि आएकोमा पहिला आएका ३२ वटा टिमलाई खेलमा सहभागी गराएका छौं, गत वर्ष २५ टिम सहभागी रहेको प्रतियोगितामा होराइजन कलेज बिजेता बनेको थियो,' क्षेत्रीले भने-'रुपन्देही क्रिकेट संघले २ दशकदेखि कलेजस्तरीय प्रतियोगिताहरु आयोजना गर्दै आएको र यसबाट राष्ट्रिय खेलमा ठूलो योगदान हुँदै आएको संघका कार्यवाहक अध्यक्ष धिरज क्षेत्रीले भने-'यस वर्ष रुपन्देहीको सबै क्षेत्रबाट प्रतिनिधित्व हुने गरी सहभागिता रहेकोले १६ वटा टिमको लागि आव्हान गरेकोले बढाएर ३२ टिमसम्म पुगेको छ।'

नकआउट चरणमा खेलाइने प्रतियोगितामा हरेक टिमले बढीमा दुई बाहिरी खेलाडी राख्न सक्नेछन्। प्रतियोगितामा यस वर्ष उत्कृष्ट हुने खेलाडीहरुलाई छात्रवृत्ति दिने समेत घोषणा गरेको छ। जसमा म्यान अफ म्याच हुनेलाई २५ प्रतिशत, उत्कृष्ट बलर र ब्याटरलाई ५० प्रतिशत, सर्वोत्कृष्ट खेलाडी र विजेता टिमको कप्तानलाई शत प्रतिशत छात्रवृत्ति साइ ग्लोबल एकेडमीले प्रदान गर्ने कलेजका अध्यक्ष दिनेश अमात्यले जानकारी दिए।

साइ ग्लोबलले १०औं संस्करणको रुपमा जिल्लास्तरीय प्रतियोगिता आयोजना गरे पनि क्रिकेट संघको सहकार्यमा तेस्रो पटक यो प्रतियोगिता गरेको छ। यो प्रतियोगिताबाट रुपन्देहीको प्रतिनिधित्व गर्दै अन्डर १९, अन्डर १६, एनपीएल, राष्ट्रिय र प्रदेशस्तरमा मोहम्मद हुसेन, दिवस सेन्चुरी, इमरान खान, मिनल गुरुङ, आरिफ खान, सन्तोष यादव, प्रज्ज्वल थापालगायतका खेलाडीले सहभागिता जनाएका छन्।

# मैत्रीपूर्ण फुटसलको उपाधि जिल्ला सुरक्षा समितिलाई



भैरहवा। भैरहवा सम्पन्न मैत्रीपूर्ण फुटसलमा जिल्ला सुरक्षा समितिले उपाधि जितेको छ। लुम्बिनी प्रेस क्लब, रुपन्देहीले आफ्नो दशौं स्थापना दिवसको अवसरमा बुधबार भैरहवामा आयोजना गरेको मैत्रीपूर्ण फुटसलमा लुम्बिनी प्रेस क्लब बी टिमलाई ५-२ गोलअन्तरले पराजित गर्दै जिल्ला सुरक्षा समिति, रुपन्देहीले उपाधि जितेको हो।

यसअघि जिल्ला सुरक्षा समितिले उद्योग ब्यापार संगठन, रुपन्देहीलाई पेनाल्टी सुटआउटमा २-० गोलअन्तरले पराजित गर्दै सेमिफाइनल पुगेको थियो। यस्तै, सुरक्षा समितिले सेमिफाइनलमा सिद्धार्थनगर नगरपालिकाको टिमलाई ३-१ गोलअन्तरले पराजित गर्दै फाइनल प्रवेश गरेको थियो।

उपबिजेता बनेको लुम्बिनी प्रेस क्लब बी टिमले सिद्धार्थ उद्योग वाणिज्य संघको टिमलाई ५-३ गोलअन्तरले पराजित गर्दै सेमिफाइनल प्रवेश गरेको थियो। प्रेस क्लबले सेमिफाइनलमा बाइ पाएपछि सुरक्षा समितिसँग उपाधिका लागि प्रतिस्पर्धा गरेको थियो।

सिद्धार्थनगर नगरपालिकाको टिमले लुम्बिनी प्रेस क्लब ए टिमलाई पेनाल्टी सुटआउटमा २-० गोलअन्तरले पराजित गर्दै सेमिफाइनल पुगेको थियो। तर, सेमिफाइनल पुगे पनि जिल्ला सुरक्षा समितिसँग पराजित भएपछि उपाधि होडबाट बाहिरियो।

प्रतियोगिताको उद्घाटन प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले गरेका थिए। प्रमुख जिल्ला अधिकारी घिमिरे, क्लबका अध्यक्ष कमल रायमाझी, सिद्धार्थनगर नगरपालिका वडा नं. १३ का अध्यक्ष सोमबहादुर गुरुङ, क्लबका पूर्वअध्यक्ष नरेश केसी, प्रहरी नायव उपरीक्षक सुरज कार्की, खेल संयोजक भीम भण्डारीलगायतले बोल्दै यस्ता प्रतियोगिताले एकता, आपसी भाइचारा र भातृत्व विकास गर्ने जनाए।

बिजेता र उपबिजेता टिमलाई लुम्बिनी प्रेस क्लब, रुपन्देहीको आगामी पुष १४ गते हुने स्थापना दिवसको विशेष समारोहमा पुरस्कृत गरिने महासचिव प्रकाश न्यौपानेले जानकारी दिए।

# तिनाउ हस्पिटलमा डायोडलेजर मेसिनबाट उपचार

बुटवल। बुटवलको सुखानगरमा रहेको श्री तिनाउ इन्टरनेशनल हस्पिटल प्रा.लि. मा डायोड लेजर मेसिनबाट उपचार सुरु भएको छ।

हस्पिटलले बिरामीहरुलाई उपचारमा सहजता होस् भनेर डायोड लेजर मेसिन उपलब्ध गराइएको हो। यो मेसिनबाट विशेषत पाइल्स, फिस्टुला, फिसर, पाइलोनाइडल, साइनस र खुट्टाको भेरिवेरीकोज भेनको बिना चिरफार अत्याधुनिक लेजर प्रविधिबाट विशेषज्ञ डाक्टरहरुद्वारा उपचार गरिन्छ।

खासगरी यो मेसिनबाट बिरामीहरुले सेवा लिदा छोटो समयमा अस्पतालबाट उपचार गर्न सकिने, न्यूनतम रक्तश्राव र न्यूनतम दुःखाईबाट उपचार गर्न सकिन्छ। यो सेवाबाट बिरामीले उपचारपश्चात् २/३ दिनमै सामान्य जीवनयापन गर्न सक्ने अस्पतालका अध्यक्ष चिरन्जीवी जोशीले बताए।

तिनाउ अस्पतालमा खासगरी हाडजोर्नी तथा नशारोग विशेषज्ञ, पित्तथैलीको पत्थरीको बिना चिरफार दुरबीन प्रविधिबाट उपचार, किडिनीको पत्थरीको बिना चिर फार दुरबीन प्राविधि बाट उपचार, हर्निया, हाईड्रोसिल, न्यूरो तथा ट्रमालगायतका विभिन्न सेवाहरु विशेषज्ञ डाक्टरहरुद्वारा सेवाहरु उपलब्ध हुँदै आएको छ।




ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३१५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com